अपर तामाकोशी हाइड्रोपावर लिमिटेड
माथिल्लो तामाकोशी जलविद्युत आयोजना
ज्ञानेश्वर, काठमाडौं ।

# लिलाम बिक्रीको लागि बोलपत्र आह्वानको सूचना

प्रथम पटक प्रकाशित मिति:- २०७९/०५/१५
लिलामकर्ताको नाम:- अपर तामाकोशी हाइड्रोपावर लिमिटेड
आयोजनाको नाम:- माथिल्लो तामाकोशी जलविद्युत आयोजना
बोलपत्र आह्वानको नाम:- टुटफुट तथा बेकम्मा भई पुनः प्रयोग गर्न नसकिने सामानहरूको लिलाम बिक्री

१. माथिल्लो तामाकोशी जलविद्युत आयोजनाको निर्माण र जडानको सिलसिलामा टुटफुट तथा बेकम्मा भई पुनः प्रयोग गर्न नसकिने फलामे छड/पाइप/एङ्गल/बीम/पाताका टुक्राहरू, प्लाष्टिक ड्रम, टायरहरू, विभिन्न खाले प्लाण्ट, पाइप, पानी ट्याङ्की आदिबाट निस्किएका कवाड सामानहरू, टायर, विभिन्न पुराना सवारी साधन र उपकरणहरू तथा तिनका पार्टहरू, ब्याट्री, आल्मुनियम तथा तामाका तारहरू जस्ता कवाडीजन्य सामानहरूलगायत विविध सामानहरू जे जस्तो अवस्थामा छन् सोही अवस्थामा बोलपत्रबाट लिलाम बिक्रीको लागि निम्न प्याकेजहरूमा अपर तामाकोशी हाइड्रोपावर लिमिटेड छुट्टाछुट्टै बोलपत्र आह्वान गर्दछ ।

| प्याकेज | बोलपत्र आह्वानको संकेत नं. | लिलाम गरिने सामानहरूको विवरण | न्यूनतम मूल्य (मूल्य अभिवृद्धि करसहित) | बोलपत्र दस्तुर |
|---|---|---|---|---|
| L1/1 | UTKHEP/AUC-2079/80-L1/1 | टुटफुट तथा बेकम्मा भई पुनः प्रयोग गर्न नसकिने सामानहरू (प्लाष्टिक ड्रम, छड र स्टीलका टुक्राहरू, कंक्रिट लाइनिङको फर्मा, टायरहरू आदि) | ने.रु. ५,०४,४६,१९५/- | ने.रु. १,५००/- |
| L1/2 | UTKHEP/AUC-2079/80-L1/2 | टुटफुट तथा बेकम्मा भई पुनः प्रयोग गर्न नसकिने सामानहरू तथा अन्य कवाडीजन्य सामानहरू (फलामका ड्रम; फर्मा, विभिन्न खाले प्लाण्ट, पाइप, पानी ट्याङ्की आदिबाट निस्किएका कवाड सामानहरू; टायर; पुन: प्रयोगमा ल्याउन नसकिने विभिन्न पुराना सवारी साधन र उपकरणहरू; तारहरू; आल्मुनियम तार; ब्याट्री आदि ) | ने.रु. ४,८३,०९,७०४/- | ने.रु. १,५००/- |

२. बोलपत्र पेश गर्न इच्छुक व्यक्ति, फर्म, संस्था वा कम्पनी (यसपछि 'बोलपत्रदाता' भनिएको) ले थप जानकारीको लागि वा बोलपत्रसम्बन्धी कागजात हेर्नको लागि निम्न ठेगानामा सम्पर्क राख्न सक्नेछन् ।

अपर तामाकोशी हाइड्रोपावर लिमिटेड
माथिल्लो तामाकोशी जलविद्युत आयोजना
ठेगाना:- अन्नपूर्णमार्ग, ज्ञानेश्वर, काठमाडौं, नेपाल
टेलिफोन नं:- ९७७-१-४५२०६५८, ४५२०२९५

फ्याक्स् नं.:- ९७७-१-४५१२५६९
इमेल:- office@utkhpl.org.np; www.utkhpl.org.np

अथवा

अपर तामाकोशी हाइड्रोपावर लिमिटेड
माथिल्लो तामाकोशी जलविद्युत आयोजना
ठेगाना:- गोंगर, दोलखा
टेलिफोन नं:- ९७७-४९-४१३००८, ९९४४९०००४
इमेल:- office@utkhpl.org.np; www.utkhpl.org.np

३. इच्छुक बोलपत्रदाताले मिति २०७९/०६/०४ को ५:०० बजे भित्रमा यस कम्पनीको निम्न बैंक र खाता नं. मा प्रति प्याकेज ने.रु. १,५००/- (नेपाली रुपैयाँ एक हजार पाँच सय मात्र) (पछि फिर्ता नहुने) दस्तुर जम्मा गरेको सक्कल भौचर तथा व्यक्तिको हकमा प्यान (PAN) दर्ताको प्रमाण पत्र तथा फर्म, संस्था वा कम्पनीको हकमा अद्यावधिक फर्म/व्यवसाय/कम्पनी दर्ता, मूल्य अभिवृद्धि कर दर्ता, कर चुक्ता प्रमाणपत्रहरूको प्रमाणित प्रतिलिपिहरू सहित लिखित निवेदन कार्यालयमा पेश गरी बोलपत्रसम्बन्धी कागजात खरिद गर्न सक्नेछन् ।

कार्यालय वा लिलामकर्ताको नाम:- अपर तामाकोशी हाइड्रोपावर लिमिटेड
बैंकको नाम:- नेबिल बैंक लिमिटेड, तीनधारा, काठमाडौं
चल्ती खाता नं.:- ९७०१०१७५०००१२

४. कार्यालयबाट खरिद गरिएका सक्कल बोलपत्रमा कबोल अङ्कहरू भरी २०७९/०६/०५ गते १२:०० बजेभित्र माथि क्र.सं. २ मा दिइएको कुनै एक कार्यालयमा बोलपत्रसम्बन्धी कागजातमा उल्लेख गरिएका अन्य कागजातहरू सहित बोलपत्र दर्ता गरिसक्नुपर्नेछ । उल्लिखित समयभन्दा ढिलो गरी प्राप्त भएका बोलपत्र दर्ता गरिने छैन वा अस्वीकृत गरिनेछ । कुनै बोलपत्रदाताले एक प्याकेजमा दुवै कार्यालयमा बोलपत्र दर्ता गरेमा त्यसरी दर्ता भएका दुवै बोलपत्रहरू रद्द गरिनेछन् ।

५. माथि क्र.सं. २ मा दिइएका दुवै कार्यालयहरूमा दर्ता भएका बोलपत्रहरू २०७९/०६/०५ गते १४:०० बजे बोलपत्रदाताका प्रतिनिधिहरूको रोहबरमा दुवै कार्यालयहरूमा खोलिनेछन् । तर बोलपत्रदाता वा निजका प्रतिनिधिहरू उपस्थित नभए तापनि बोलपत्र खोल्न बाधा पर्ने छैन । एक बोलपत्रदाताको एकजना मात्र प्रतिनिधिलाई उपस्थितिको लागि अनुमति दिन सकिनेछ र त्यस्तो प्रतिनिधि आफ्नो परिचयपत्र र/वा आधिकारिक पत्रसहित आउनुपर्नेछ । प्राप्त बोलपत्रहरूको मूल्याङ्कन बोलपत्रसम्बन्धी कागजातमा संलग्न "बोलपत्रदातालाई निर्देशन" अनुसार गरिनेछ । बोलपत्रसाथ आफूले कबोल गरेको रकमको १० प्रतिशतले हुनआउने रकम बराबरको बैंक जमानत अनिवार्य रूपमा पेश गर्नुपर्नेछ । सो बैंक जमानतको मान्य अवधि बोलपत्र दर्ता गर्ने अन्तिम दिनपछि कम्तीमा १५० (एक सय पचास) दिनको हुनुपर्नेछ । बोलपत्रदाताले जमानत बापत नगदै राख्न चाहेमा यस कम्पनीको माथि क्र.सं. ३ मा उल्लिखित बैंकमा रहेको चल्ती खाता नं. ९७०१०१७५०००१२ मा त्यस्तो नगद रकम जम्मा गर्न सक्नेछ र सो नगद जम्मा गरेको सक्कल भौचर बोलपत्रसाथ पेश गर्नुपर्नेछ ।

६. बोलपत्र खरिद वा दर्ता गर्ने अन्तिम दिन वा खोल्ने दिन सार्वजनिक विदा पर्न गएमा त्यसपछिको लगत्तै कार्यालय खुलेको दिनलाई अन्तिम दिन मानिनेछ । यस्तो अवस्थामा बोलपत्र जमानतको मान्य अवधि साविककै मितिअनुसार गणना गरिनेछ ।

७. मूल्य परिमाण सूचीमा रहेका सबै आइटमहरूमा दर भर्नुपर्नेछ । बोलपत्रदाताले कुनै आइटममा दर उल्लेख नगरेको वा छुटाएको अवस्थामा त्यस्तो बोलपत्रलाई अप्रभावग्राही मानी अस्वीकृत गरिनेछ । लिलामकर्ताको न्यूनतम मूल्यभन्दा बढी मूल्य कबोल गर्नेहरूमध्ये सबैभन्दा बढी मूल्य कबोल गर्ने बोलपत्रदाताको बोलपत्र स्वीकृत गरिनेछ । स्वीकृत भएको बोलपत्रदाताले कबोल गरेको सम्पूर्ण रकम १५ दिनभित्र तोकिएको बैंक खातामा जम्मा गरी कार्यदिश दिएको मितिबाट ९० दिनभित्र सम्पूर्ण सामान उठाइसक्नुपर्नेछ ।

८. बोलपत्र स्वीकृत हुनुअघि कुनै पनि समयमा कारण खुलाई वा नखुलाई कुनै पनि बोलपत्र स्वीकार वा अस्वीकार गर्ने वा बोलपत्रको प्रक्रिया रद्द गर्ने वा सम्पूर्ण बोलपत्र अस्वीकार गर्ने अधिकार लिलामकर्तामा निहित रहनेछ । यसरी रद्द वा अस्वीकार गरेको कारणले बोलपत्रदाताप्रति लिलामकर्ताको कुनै दायित्व सिर्जना हुने छैन ।

९. यस सूचनामा उल्लेख नभएका कुनै प्रावधान आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र सो अन्तर्गत बनेको नियमावली तथा कम्पनीको आर्थिक प्रशासन विनियमावली, २०६५ (संशोधनसहित) बमोजिम हुनेछ।